# नवलपुरमा कोलावली ब्राण्डका जुत्ताचप्पल उत्पादन

**एक रूपैयाको लागि श्रीमान या परिवारको मुख ताक्नुपर्ने प्रचलनलाई हटाउन पनि लघुउद्यमप्रति महिला आकर्षित देखिएको उनको कथन छ । इन्द्रावतीलाई क्रियाशील महिला उद्यमीको हब बनाउनको लागि कार्यक्रमलाई तिव्र बनाइएको इन्द्रावती गाउँपालिकाले जनाएको छ ।**

**। ओखरेनी / नवलपुर**

इन्द्रावती गाउँपालिका महिलाले आफ्नै लगानीमा नवलपुर बजारमा नाम चलेका विभिन्न ब्राण्डका लेडिज जुत्ता, चप्पलजस्ता सामाग्रीको उत्पादन सुरु गरेका छन् । इन्द्रावती गाउँपालिकाले दिएको दश दिने सीपमूलक तालिमपछि उत्साहित ५ जना महिलाले आफ्नै लगानीमा जिल्लामै पहिलो पटक लघुउद्यम चलाएका हुन् ।

'कोलावली' ब्राण्डका चप्पल, जुत्तादेखि मखमली बुट्टेदार घुंगरुजस्ता सामाग्री उत्पादन गरेर बजार बिक्री वितरण थालिएको छ । 'तालिमपछि खुब आत्मविश्वास बढ्यो , आफैले केही गर्न सकिन्छजस्तो लाग्यो,फेरि सबै मिलेर यसको उत्पादनमा लाग्यौ,दर्जनौ महिलाले यहीबाट सिप सिकिरहनुभएको छ,' शान्तामाया गोलेले भनिन् । क्रियाशील महिला लघुउद्यमी मिलेर समुह बनाइ लघुउद्यमबाट धमाधम उत्पादन गरेको उनले सुनाइन् ।

नाम चलेको ब्राण्डका सामाग्री राजधानीमा पर्याप्त माग हुने भएकाले गाउँमा उद्यमलाई स्थापना गरिएको उनको भनाइ छ । ५ महिला मिलेर ६५ हजारमा सुरु गरिएको लघुउद्यमबाट उत्पादित सामाग्रीलाई ठुलो उद्योग रुपमा विकास गर्ने लक्ष्य राखिएको छ । 'क्रियाशील महिला लघुउद्यम समुहमा फुर्सदको समय सदुपयोग गर्दै रोजगारी सिर्जना गरेका छौं ।' उनले भनिन् ।

क्रियाशील महिला उद्यमी रिता नकर्मी सबै महिला समुह एक भएर काम गर्दै गएकाले उत्पादन र सदभाव बढेको अनुभव सुनाउछिन् । 'हामी महिलालाई ठुलो आँट मिलेको छ , बस उत्पादित सामाग्रीले व्यापक बजार पाओस् ।' उनले भनिन् ।

इन्द्रावती गाउँपालिकाले इन्द्रावती महिला सञ्जालको सहजीकरणमा इन्द्रावतीका २६ महिलालाई विभिन्न सामाग्री बनाउने तालिम दिएको थियो । प्रशिक्षक सजना कार्कीबाट माझी,तामाङ,दनुवारदेखि नेवार समुदायका महिलाले चप्पल, जुत्ताजस्ता चार प्रकारको सामाग्रीको बनावटबारे दश दिन तालिम लिए ।

तालिम पाएपछि दक्ष महिलाले उद्यमलाई सुरु गर्न पहलकदमी लिएको इन्द्रावती महिला सञ्जालकी अध्यक्ष चित्र खोखलीले बताइन् । 'सिप त्यत्तिकै खेर जाने भएपछि महिलालाई प्रोत्साहन दिएर लघुउद्यम खोल्न सुझाव दिएका हौ, अन्तत यसले सफलता पाएको छ,' उनले भनिन् । इन्द्रावतीले ०७६/०७७ मा राखेको नीति तथा कार्यक्रममा महिलालाई विशेष भुमिकामा राखेर सिपमुलक रोजगारीमा कार्यक्रम अगाडि बढाएको उनले जनाइन् ।

**बाँकी पृष्ठ ४ मा...**

# नवलपुरमा...

एक रुपैयाको लागि श्रीमान या परिवारको मुख ताक्नुपर्ने प्रचलनलाई हटाउन पनि लघुउद्यमप्रति महिला आकर्षित देखिएको उनको कथन छ। इन्द्रावतीलाई क्रियाशील महिला उद्यमीको हब बनाउनको लागि कार्यक्रमलाई तिव्र बनाइएको इन्द्रावती गाउँपालिकाले जनाएको छ।

पुरुषभन्दा महिला सिपमुलक कार्यक्रममा आकर्षित देखिएपछि महिलामुखी सिपमुलक कार्यक्रम ल्याइएको इन्द्रावती गाउँपालिकाका प्रमुख वंशलाल तामाङले बताए। 'गलैचा बुन्ने, लप्सीको क्याण्डी, सिस्नु पाउडर बनाउनदेखि कोलावली चप्पल जुत्ताजस्ता सामाग्रीको दर्जनौ तालिम दिँदै महिलालाई सिपमुलक रुपमा अगाडी बढाउने प्रयासरत छौ,' गाउँपालिका महासंघका महासचिव रहेका तामाङले भने।

उनकानुसार जिल्लाभरका केही स्थानीय तहले महिलालाई प्रोत्साहन गर्न तालिमले मात्रै नभएपछि प्रतिफल निस्कने परीक्षणसँगै अध्ययन थालेका छन्। 'आखिर तालिम,कार्यक्रममै सिमित किन हुन्छन् भनेर थाहा पायौ, त्यसलाई खोज गर्न थालेपछि प्रवृत्ती हराउदै गएको छ।' उनले भने।